# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४४) काठमाडौं, पुस२४गते २०५१साल (अतिरिक्ताङ्क ४१ (ख)


## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

बिक्रीकर ऐन, २०२३ को दफा ८क. ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहाएका वस्तुहरूको खरिद वा पैठारीमा देहाए बमोजिम मूल्य कायम गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशित गरिएको छ।

| | आन्तरिक उत्पादन तर्फ | पैठारी तर्फ |
|---|---|---|
| | हाल उत्पादनले बिक्रीकर तिरी रहेको बिक्री मूल्य (कारखाना मूल्य, अन्तःशुल्क भए सो र बिक्री वितरण खर्च समेत जोडेको मालको मूल्य)मा बिक्रीकर प्रयोजनको लागि मूल्य कायम गर्दा थप गर्ने (मार्क अप) प्रतिशत। | भंसार कार्यालयबाट बिक्रीकर प्रयोजनको निमित्त कायम भएको मालको मूल्यमा बिक्रीकर प्रयोजनको लागि मूल्य कायम गर्दा थप गर्ने प्रतिशत। |
| १. बिस्कुट | १५ प्रतिशत | ३० प्रतिशत |
| २. बनस्पती घ्यू | १० प्रतिशत | १५ प्रतिशत |
| ३. चाउचाउ | १० प्रतिशत | ३० प्रतिशत |
| ४. साबुन र डिटरजेंण्ट | १५ प्रतिशत | २५ प्रतिशत |
| ५. फलामको छड र डण्डी | १० प्रतिशत | १५ प्रतिशत |

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | |
|---|---|---|---|
| ६. | कोरूगेटेड, प्लेट तथा जि.आई. सिट्स | १० प्रतिशत | १५ प्रतिशत |
| ७. | कृतिम उनी (एक्रिलिक) धागो | ५ प्रतिशत | १५ प्रतिशत |
| ८. | रंग रोगन | १० प्रशित | १५ प्रतिशत |
| ९. | उनी धागो | ५ प्रतिशत | १५ प्रतिशत |
| १०. | हल्का पेय पदार्थ | २५ प्रतिशत | ३० प्रतिशत |
| ११. | उच्च कोटीको मदिरा | १५ प्रतिशत | ४५ प्रतिशत |
| १२. | वियर | १० प्रतिशत | ४५ प्रतिशत |
| १३. | चुरोट | ५ प्रतिशत | ३० प्रतिशत |

खण्ड ४३ संख्या २७ मिति २०५०।७।२ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको यस सम्बन्धी सूचना ३ खारेज गरिएको छ ।

आज्ञाले,
त्रिलोचन उप्रेती
कानून अधिकृत (उप-सचिव)

मुद्रण विभाग, सिंहदरबार

९२०८



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।